०१ / ०७९-८० औं कार्यपालिका बैठकका निर्णयहरु

बैठक सन्चालन मिति २०७९/०४/२९ गते दिउसो : १.०० बजे ।

| सि.नं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| २६ | नगर शिक्षा अधिकारी | श्री राजु बानिया | | |
| २७ | लेखा अधिकृत | श्री केशव हुमागाई | | |
| २८ | प्रशासकीय अधिकृत | श्री दामोदर अधिकारी | | |
| २९ | इन्जिनियर | श्री सुमन श्रेष्ठ | | |
| ३० | सूचना प्रविधि अधिकृत | श्री सुरेश चौधरी | | |
| ३१ | लेखापाल | श्री लक्ष्मी घिमिरे | | |
| ३२ | क.अ. | श्री प्रेम बहादुर सिलवाल | | |
| ३३ | सुरक्षागार्ड | श्री कमल प्रसाद ढुंगेल | | |
| ३४ | का.स. | श्री विष्णु प्रसाद अर्याल | | |

**प्रस्तावहरु :**

(क) स्थानीय दररेट अनुमोदन सम्बन्धमा,

(ख) कोभिड - १९ को महामारीबाट प्रभावीत अति विपन्न परिवारलाई उपलब्ध गराउने राहत रकम सम्वन्धमा,

(ग) भूमीहिन सुकुम्वासी तथा भुमीहिन दलितको लागि जग्गा नापी सम्बन्धी वर्गिकरण सम्वन्धमा

**निर्णय नं. १**

सार्वजनिक खरिद नियमावली २०६४ के दफा १४८ बमोजिम गठित स्थानीय दररेट निर्धारण समितिको विभिन्न मितिमा बसेको बैठकले जिल्ला दररेट तथा स्थानीय दररेट समेतलाई आधारमानि समितिबाट निर्णय गरी अनुमोदनको लागि पेश भएको स्थानीय दररेटलाई अनुमोदन गरी यस अर्थिक वर्ष २०७९/८० मा योजना सञ्चालन गर्दा सोही दररेटका आधारमा कार्य सञ्चालनको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

कोभिड -१९ को महामारिबाट प्रभावीत अति विपन्न परिवारलाई रु १०,०००।- का दरले रकम उपलब्ध गराउनको लागि निवेदन माग गरी सूचना प्रकाशन भए बमोजिम यस नगरपालिकाका विभिन्न वडा कार्यालयमा दर्ता हुन आएका निवेदनहरुलाई कोभिड -१९ को महामारिबाट प्रभावीत अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६ बमोजिम सम्बन्धित वडाका वडा अध्यक्षले सोही कार्यविधिको दफा ३ बमोजिम नगद प्राप्त गर्न योग्य रहेको भनी सिफारीश गरेको र सोही कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले दावी बिरोधको लागि मिति २०७९/३/२३ मा सूचना प्रकाशन गर्दा समेत कसैको दावी बिरोध पर्न नआएकोले छनौट भएका ५५४ जना लाभग्राहीहरुको प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु भएको नामावली स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन कार्यविधि २०७८ बमोजिम यस नगरपालिकाको वडा नं. १३ मा जग्गा प्रप्तीको लागि निवेदन पेश गरेका भूमीहिन दलित तथा भूमीहिन सुकुम्बासीको लागि जग्गा नापजाँचको प्रक्रिया शुरु गर्नु पर्ने भएकोले सोही कार्यविधिको दफा ६ (२) (ख) बमोजिम खैरहनी वडा नं. १३ को वडास्तरीय भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सहजीकरण समितिको सिफारिश समेतको आधारमा खैरहनी नगरपालिका वडा नं. १३ अवस्थित तपसिल बमोजिमका क्षेत्रहरुलाई तपसिल बमोजिम विर्गिकरण गर्ने निर्णय गरियो ।

(क) बजार उन्मुख क्षेत्रः

१. धरमपुर विसराको घरदेखि हर्नीर पुलसम्मको मुल बाटोको दाँयाबाँया ५० मिटरसम्म बाटो भएको क्षेत्र ।

२. हर्नीर विद्दालयदेखि नकुले तामाङको घरतर्फ दाँयावाँयाको वस्ति ।

३. गवै चोकदेखि उत्तरतर्फ प्रेम बहादुर ढकालको घरसम्मको बाटो हुँदै उत्तर तर्फको वस्ति ।

४. वैरिया चोकबाट उत्तर सिमलटाँडि को दुवैतर्फको वस्ति ।

(ख) ग्रामिण क्षेत्रः

१. सिम्रहनि वस्ति सवै ।

२. धरमपुरको भित्रि गाँउ र आवादि क्षेत्र ।

३. गवैको सामुदायिक वन सिमानाको को ५०० मिटर उत्तरतर्फको आवादि क्षेत्र ।

४. वैरिया जंगल सिमाना र हर्नीरि जंगल सिमानाको आवादि क्षेत्र ।

५. सिमलटाँडि पारि रत्ननगर नगरपालिका वडा नं ५ को सिमाना वरिपरिको आवादि क्षेत्र ।

६. गौवाको ढुङ्ग्रेखोला वारि र पारिको आवादि क्षेत्र ।